जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ४९ • २०८३ साल आषाढ २४ गते बुधबार (8 July, Wednesday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## मधेश भवनमा पत्रकारलाई निषेध !

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको प्रशासनिक निकाय रहेको मधेश भवनमा फोटो खिच्न तथा क्यामेरा लैजानका लागि पत्रकारमाथि रोक लगाइएको छ। मधेश भवन प्रवेशद्वारमा खटिएका सुरक्षाकर्मीले क्यामेरा प्रवेशमै रोक्ने र पत्रकार भएको परिचय दिएपछि थप सोधपुछ गर्ने गरेको तथा पत्रकारले फोटो भिडियो लिएमा तत्काल क्यामेराबाट डिलिट गर्न लगाउने कार्य भइरहेको छ।

असारे विकासको चटारो र रकम भुक्तानीलगायतका कामकारबाही अहिले मधेश भवनमा मध्यरातसम्म पनि हुने गरेको छ। जसले गर्दा पत्रकारमाथि मानसिकरुपमा समेत सुरक्षानिकायले यातनासंगै दबाब दिने गरेको एक पत्रकारले जानकारी दिए।

मधेश भवनमा सोमबार केही पत्रकारले आफ्नो परिचय दिएर प्रवेश गर्न खोज्दा 'पत्रकार हरूले फोटो खिच्छन्' भन्ने कारण देखाउँदै प्रवेश गर्नमा रोक लगाएको छ। सामान्यतया पनि कुन मन्त्रालयमा काम छ भन्ने पुष्टि गर्न सम्बन्धित मन्त्रालयका कर्मचारी वा पदाधिकारीसंग सम्पर्क गराएपछि मात्रै प्रवेश गर्न दिइने गरिएको बताइन्छ।

गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले मधेश भवनमा पत्रकारलाई फोटो खिच्न वा क्यामेरा लैजान निषेध गरिएको भन्ने कुनै निर्णय प्रदेश सरकारले नगरेको बताए। उनले भने, "पत्रकारलाई मधेश भवन प्रवेशमा रोक लगाइएको छैन। किन र के कारणले यस्तो भएको हो, म बुझ्छु।"

मुख्यमन्त्री कृष्णप्रसाद यादवले पनि घटनाबारे जानकारी नभएको प्रतिक्रिया दिए। उनले प्रदेश सरकारको तर्फबाट पत्रकारलाई प्रवेशमा रोक लगाउने कुनै निर्णय नभएको दाबी गरे।

मधेश भवन सुरक्षाको जिम्मेवारीमा रहेका गण प्रमुख एसपी मदन बढुथोकीले पनि पत्रकारलाई प्रवेशमा रोक्ने कुनै निर्देशन आफूहरूले नदिएको बताए।

यस घटनाप्रति नेपाल पत्रकार महासंघ मधेश प्रदेशले आपत्ति जनाएको छ। पत्रकारलाई मधेश भवन प्रवेशमा रोक लगाउनु प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भएको महासंघले जनाएको छ।

### गढीमाईको गिट्टी-बालुवा ठेक्कामा मिलेमतो आरोप

# मेयरसहित चार जनाविरुद्ध साढे २ करोडभन्दा बढी बिगो दाबी गर्दै भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रौतहट जिल्लाको गढीमाई नगरपालिकामा नदीजन्य पदार्थ (बालुवा, गिट्टी तथा ग्राभेल) को ठेक्का प्रक्रियामा व्यापक अनियमितता भएको निष्कर्ष निकाल्दै नगरपालिकाका तत्कालीन पदाधिकारी तथा ठेक्का कम्पनीका प्रतिनिधिसहित चार जनाविरुद्ध विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।




आयोगले मंगलबार दायर गरेको आरोपपत्र अनुसार आर्थिक वर्ष २०७६/०७७ मा समनपुरघाट क्षेत्रको नदीजन्य पदार्थ उत्खनन तथा बिक्रीका लागि आन्तरिक आय ठेक्का दिने क्रममा कानुन विपरीत मिलेमतो गरी सरकारी राजस्व हिनामिना गरिएको आरोप लगाइएको छ । यस प्रकरणमा कुल २ करोड ५७ लाख ६२ हजार रुपैयाँ बराबरको बिगो कायम गरिएको छ।

अख्तियारका अनुसार नगरपालिकाले भाग्यमणी कन्स्ट्रक्सन प्रालिलाई ३ करोड २५ लाख रुपैयाँमा ठेक्का स्वीकृत गरेको थियो । तर सम्झौता हुनु अघि ठेकेदार कम्पनीले कबोल गरेको सम्पूर्ण रकम नगरपालिकाको खातामा जम्मा गर्नुपर्ने कानुनी व्यवस्था रहे पनि कम्पनीले केवल ८४ लाख ६३ हजार रुपैयाँ मात्र दाखिला गरेको अनुसन्धानबाट खुलेको छ।

अनुसन्धानका क्रममा बाँकी रकमसमेत दाखिला भएको देखाउन झुटा बैंक भौचर, गलत विवरण तथा भ्रामक प्रतिवेदन तयार गरिएको पाइएको आयोगले जनाएको छ। ती कागजातका आधारमा नगरपालिकाले ठेक्का सम्झौता सम्पन्न गरेको र यस कार्यमा नगरपालिकाका जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरूको मिलेमतो रहेको आरोप लगाइएको छ।

यस प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गढीमाई नगरपालिकाका मेयर श्याम प्रसाद यादव, तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत सुवास कुमार ठाकुर, तत्कालीन राजस्व शाखा प्रमुख बालकिशोर राय तथा ठेक्का कम्पनी भाग्यमणी कन्स्ट्रक्सन प्रालिका प्रतिनिधि राधेश्याम साह लाई प्रतिवादी बनाएको छ।

आयोगले जनाए अनुसार ठेक्का सम्झौता अनुसार कम्पनीलाई प्रारम्भिक रूपमा एक महिनाका लागि १० हजार घनमिटर नदीजन्य पदार्थ उत्खनन गर्न अनुमति दिइएको थियो । तर कम्पनीले सम्झौताभन्दा धेरै अर्थात् ५४ हजार ३५५ घनमिटर नदीजन्य पदार्थ उत्खनन गरेको अनुसन्धानबाट पुष्टि भएको दाबी गरिएको छ।

उक्त परिमाणको उत्खननबाट कम्पनीले ३ करोड ३२ लाख रुपैयाँभन्दा बढी आर्थिक लाभ लिएको आयोगको दाबी छ । तर त्यसअनुसारको राजस्व नगरपालिकामा दाखिला नगरी न्यून रकम मात्र बुझाइएकाले सरकारी कोषमा २ करोड ५७ लाख ६२ हजार रुपैयाँ बराबरको नोक्सानी पुगेको अख्तियारले आरोपपत्रमा उल्लेख गरेको छ।

अख्तियारले प्रतिवादीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत बिगो असुल, जरिवाना तथा कैद सजायको माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको जनाएको छ। आयोगले सार्वजनिक स्रोतसाधनको संरक्षण, स्थानीय तहमा हुने राजस्व संकलन प्रक्रियामा पारदर्शीता कायम गर्ने तथा भ्रष्टाचारमा संलग्नलाई कानुनी दायरामा ल्याउने उद्देश्यले अनुसन्धान गरी अभियोजन गरिएको जनाएको छ।

यस मुद्दाले स्थानीय तहमा नदीजन्य पदार्थको उत्खनन तथा बिक्री वितरणसंग सम्बन्धित ठेक्का प्रक्रियामा हुने अनियमितता, राजस्व चुहावट तथा प्रशासनिक मिलेमतोका विषयलाई पुनः राष्ट्रिय बहसको केन्द्रमा ल्याएको छ । अब यस प्रकरणको अन्तिम टुंगो विशेष अदालतको सुनुवाइ तथा फैसलाबाट लाग्नेछ।

## कार्यालय प्रमुख रंगेहात पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहास्थित सब डिभिजन वन कार्यालय बन्दीपुरका कार्यालय प्रमुख रामकेवल राय यादव १२ हजार रुपैयाँ घुससहित रंगेहात पक्राउ परेको जनाइएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्षेत्रीय कार्यालय बर्दिबासको एक टोलीले मंगलबार उनलाई १२ हजार रुपैयाँ घुस रकमसहित कर्जन्हा नगरपालिका वडा नम्बर ४ बाट नियन्त्रणमा लिएको जनाएको छ।

कर्जन्हा नगरपालिका वडा नम्बर २ मा रहेको एक काठ उद्योगले विभिन्न स्थानबाट ल्याएको काठको लागि उद्योगीसंग तीन ट्रक काठको चार/चार हजार रुपैयाँका दरले घुस लिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ।

घुस मागेपछि सेवाग्राही आयोगमा उजुरी दिएका थिए। सोही आधारमा अख्तियाले स्ट्रिङ अप्रेसन गरी मंगलबार नियन्त्रणमा लिइ अनुसन्धान प्रक्रिया अघि बढाएको आयोगले जनाएको छ।

## बर्डफ्लुबाट मधेशका पोल्ट्री व्यवसायी त्रसित, राहतको पर्खाइमा किसान

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा बर्डफ्लुको संक्रमण नियन्त्रणमा आएको सरकारी दाबी भए पनि देशका विभिन्न जिल्लामा संक्रमण कायम रहँदा पोल्ट्री व्यवसायीमा चिन्ता बढेको छ। विशेषगरी कुखुरा तथा कुखुराजन्य वस्तुको अन्तरजिल्ला ढुवानीसंग जोडिएको मधेशका किसानले बजारमा फैलिएको त्रासका कारण बिक्री घटेको गुनासो गरेका छन्।



पशु सेवा विभागले जनाए अनुसार पछिल्लो चरणमा बर्डफ्लु ११ जिल्लामा फैलिएको थियो । महोत्तरी, बारालगायत मधेश प्रदेशका जिल्लामा संक्रमण नियन्त्रणमा आइसकेको भए पनि काठमाण्डु, ललितपुर, भक्तपुर र काभ्रेमा अझै संक्रमण कायमै छ । विशेषज्ञहरूका अनुसार मधेश प्रद्येशको महोत्तरी, बारालगायतका जिल्ला र काठमाण्डु जोड्ने मुख्य ढुवानी मार्ग भएकाले संक्रमणको जोखिम पूर्ण रूपमा हटेको छैन।

यसैबीच काभ्रेमा बर्डफ्लुका कारण ठूलो आर्थिक क्षति व्यहोरेका किसान सरकारी राहतको प्रतीक्षामा छन् । काभ्रेको पनौती नगरपालिका-६ का प्रदीप कार्कीले सञ्चालन गर्दै आएको फार्ममा बर्डफ्लु पुष्टि भएपछि पाँच हजार लेयर्स कुखुरा, अण्डा, दाना तथा अन्य सामग्री नष्ट गरिएको छ।

आठ वर्षअघि करिब डेढ लाख रुपैयाँबाट व्यवसाय शुरु गरेका कार्कीले फार्म विस्तार गर्दै पाँच हजार लेयर्स कुखुरा पुऱ्याएका थिए। उनी मासिक करिब डेढ लाख रुपैयाँ आम्दानी गर्दै आएका थिए भने थप पाँच हजार चल्ला राखेर व्यवसाय विस्तार गर्ने तयारीमा थिए। तर बर्डफ्लु पुष्टि भएपछि उनको योजना रोकिएको छ।

उनका अनुसार एउटा लेयर्स कुखुरालाई उत्पादनयोग्य बनाउन करिब १ हजार ३ सय रुपैयाँ खर्च लाग्छ। पाँच हजार कुखुरामा मात्रै करिब ६५ लाख रुपैयाँभन्दा बढी लगानी भएको थियो । व्यवसाय विस्तारका लागि उनले करिब ७० लाख रुपैयाँ बैंक ऋणसमेत लिएका छन्। अहिले व्यवसाय बन्द भएपछि ऋणको किस्ता, ब्याज र परिवारको खर्च व्यवस्थापन चुनौती बनेको छ।

सरकारी मापदण्डअनुसार प्रभावित फार्ममा तीन महिना सम्म पुनः कुखुरा पाल्न नपाइने भएकाले तत्काल आम्दानीको स्रोतसमेत बन्द भएको उनले बताए।

कार्कीका अनुसार समस्या संक्रमित फार्ममा मात्र सीमित छैन । संक्रमण लेयर्स कुखुरामा देखिए पनि बजारमा फैलिएको त्रासका कारण ब्रोइलर कुखुराको मासु र अण्डाको बिक्रीसमेत घटेको छ । उनले सरकारले संक्रमण नियन्त्रणसँगै उपभोक्तामा सही सूचना प्रवाह गरेर अनावश्यक डर हटाउनुपर्ने बताएका छन्।

> **मधेश प्रदेशमा रहेका पोल्ट्री व्यवसायीलाई बाहिरी जिल्लाबाट कुखुरा तथा चल्ला खरिद गर्दा स्वास्थ्य परीक्षण, फार्ममा जैविक सुरक्षा र मृत कुखुराको सुरक्षित व्यवस्थापनमा विशेष ध्यान दिन आग्रह गरेका छन् ।**

जिल्ला पशु सेवा कार्यालय काभ्रेका अनुसार काठमाण्डु उपत्यका र मधेश प्रदेश जोड्ने मुख्य मार्ग भएकाले काभ्रेमा दैनिक ठूलो मात्रामा कुखुरा तथा कुखुराजन्य सामग्रीको ओसारपसार हुँदै आएको छ । कमजोर क्वारेन्टाइन, बायोसिक्युरिटीको पालना नहुनु तथा मृत कुखुराको अव्यवस्थित व्यवस्थापनका कारण संक्रमण तीव्र रूपमा फैलिएको कार्यालयले निष्कर्ष निकालेको छ।

हालसम्म काभ्रेका १७ स्थानमा संक्रमण पुष्टि भएको छ। संक्रमण नियन्त्रणका क्रममा ६२ हजार ५१९ वटा कुखुरा तथा हाँस, ३६ हजार १ केजी दाना र ९ हजार ८ सय अण्डा नष्ट गरिएको छ। यसबाट करोडौं रुपैयाँ बराबरको क्षति भएको अनुमानसमेत गरिएको छ।


बर्डफ्लु नियन्त्रणका क्रममा सरकारले नष्ट गरिएका कुखुराको मूल्यको ७५ प्रतिशतसम्म राहत उपलब्ध गराउने व्यवस्था छ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित क्षतिपूर्ति मूल्यांकन समितिले दररेट निर्धारण गरेपछि राहत वितरण गरिने जनाइएको छ।

काभ्रेका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जनाए अनुसार क्षतिपूर्तिका लागि आवश्यक सिफारिस केन्द्रमा पठाइसकिएको छ भने बजेट निकासा भएपछि राहत वितरण गरिनेछ । पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालले पनि प्रभावित किसानको खातामा राहत रकम पठाउने प्रक्रिया शुरु भइसकेको र केही दिनभित्र वितरण हुने बताएका छन्।

### मधेशमा निगरानी कायम

संक्रमण हाल नियन्त्रणमा आए पनि महोत्तरी, बारालगायत मधेश प्रदेशका जिल्लामा पशु स्वास्थ्य कार्यालयले निगरानी, जैविक सुरक्षा (बायोसिक्युरिटी) र ढुवानी व्यवस्थापनमा विशेष सतर्कता अपनाइरहेको जनाएको छ। विज्ञहरूले मधेश प्रदेशमा रहेका पोल्ट्री व्यवसायीलाई बाहिरी जिल्लाबाट कुखुरा तथा चल्ला खरिद गर्दा स्वास्थ्य परीक्षण, फार्ममा जैविक सुरक्षा र मृत कुखुराको सुरक्षित व्यवस्थापनमा विशेष ध्यान दिन आग्रह गरेका छन् । जसले गर्दा मधेश प्रदेशमा बर्डफ्लु संक्रमण फैलिए पनि नियन्त्रणमा रहेको दाबी पशुसेवा कार्यालयले गरेको छ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कांग्रेसको पुरानो रोग

नेपाली कांग्रेस विभाजनको संघारमा पुगेको छ। संस्थापन इतर पक्षले पार्टी विभाजनको अन्तिम तयारी गरिसकेको छ। निवर्तमान सभापति शेरबहादुर देउवा निकटस्थ नेताहरुले पार्टीबाट अलग्गिएर राष्ट्रिय कांग्रेस नामको दल दर्ता गर्ने तयारी गरेको छ। कांग्रेसमा यस पटक बिभाजन भइरहेको छैन। विशेष महाधिवेशनमा सहभागी नभएका नेता र उनका समर्थकहरुले वैधता पाएको नेतृत्वबाट असन्तुष्ट भएका छन् । उनीहरुले कांग्रेस पार्टीको सदस्यता नवीकरण समेत गराएका छैनन्। दलको विधान अनुसार कांग्रेसको सदस्यता अद्यावधिक नगराउने पार्टीको सदस्य रहने छैन। कांग्रेसमा अहिले देउवा समर्थकहरुले सदस्यता नवीकरण गराएका छैनन् । उनीहरुले सदस्यता नवीकरणको औचित्यमाथि नै प्रश्न उठाएका छन् । असन्तुष्ट पक्षले कांग्रेसको विशेष महाधिवेशन भएदेखि हालसम्म दलको कुनै गतिविधिमा सहभागी भएका छैनन् । गगन कुमार थापाको नेतृत्वमा रहेको कांग्रेसलाई नै निर्वाचन आयोग र सर्वोच्च अदालतले वैधता दिइसकेको छ। असन्तुष्ट पक्षलाई पनि संस्थापन पक्षले समेटिने हदैसम्मको प्रयास गरेको छ। तर उनीहरुले आफ्नो जिद्द छाडेका छैनन्। कांग्रेसको तर महाधिवेशनबाट अलग भइसकेका नेता, कार्यकर्ताहरुले अर्को दल गठन गर्नु पार्टी विभाजन होइन । स्वर्गीय गिरिजाप्रसाद कोइराला पार्टी सभापति रहेको बेला शेरबहादुर देउवाको नेतृत्वमा नेपाली कांग्रेस प्रजातान्त्रिक गठन भएको थियो । त्यसबखत पार्टी विभाजित भएको थियो । तर अहिले कांग्रेस पार्टी विभाजित भइरहेको छैन । देउवा समूह बाहेकका सबै कांग्रेस पार्टीमा नै अटाएका छन् । देउवा समूहमा निकै आक्रामक रहने गरेका धेरै नेता, कार्यकर्ताहरुले साथ छाडेर कांग्रेसका मुलधारमा नै गएका छन् । खासगरी कांग्रेस पार्टीबाट जननिर्वाचित प्रतिनिधिहरु सबै संस्थापन पक्षमा छन् । दलमा विद्रोह गर्दा उनीहरु पदमुक्त हुने कानुनी प्रावधान छ। देशको सबै भन्दा ठूलो र पुरानो लोकतान्त्रिक पार्टी कांग्रेस हो । त्यसकारण पनि त्यहाँ पुराना नेताहरुको संख्या अत्यधिक छ । हरेक नेताले शक्तिशाली पदमा जाने चाहना राखेका छन्। तर त्यो सम्भव छैन। कांग्रेसबाट अलग्गिएर अर्को पार्टी राष्ट्रिय कांग्रेस गठन गर्नेहरुको समूहमा एकजना पनि जननिर्वाचित प्रतिनिधि छैनन्। कुनै समय देउवाको हनुमानको रुपमा रहेका मधेश प्रदेशका मुख्यमन्त्री समेत रहेका मधेश प्रदेश समितिका सभापति कृष्णप्रसाद यादवले पनि संस्थापन पक्ष नै रोजेका छन् । उनले त्यसो नगरेको भए पदमुक्त हुने निश्चित थियो। उनले पद जोगाउन संस्थापन पक्ष रोज्न बाध्य भएको बताइन्छ। हुन त उनी जस्ता धेरै छन्। कांग्रेसको यो पुरानै रोग हो। जनाधार कमजोर रहेको बेला देउवा समूह अलग्गिएपछि कांग्रेसको स्थिति धेरै नै कमजोर हुने देखिन्छ। अलग्गिन लागेको नेताहरुलाई समायोजन गर्न राष्ट्रिय कांग्रेसमा पनि सहज हुने छैन। अलग्गिन लागेका सबै नेताहरु नै हुन्।

# सिन्धु जल सन्धि : विवाद, समाधान र कानूनी पक्ष



● श्रीमन नारायण

एक्काइसौं शताब्दिमा पानीको धेरै महत्व हुनेछ, भन्ने अनुमान निकै अघि गरिएको थियो । दक्षिण एशियाका दुई देश भारत र पाकिस्तानबीच तिक्तापूर्ण सम्बन्ध त विगत लामो समयदेखि रही आएको छ, तर पहिलाको विवाद भू-भाग र सिमानाका विषयमा हुने गर्दथ्यो जबकी नयाँ विवाद जललाई लिएर भईरहेको छ । सनातन धर्म संस्कृतिमा सिन्धु शब्दको उच्च महत्व एवं स्थान छ। आधुनिक विद्वानहरु "सिन्धु" बाट नै "हिन्दु" शब्द प्रचलनमा आएको दावी गर्दछन जबकी "बिष्णु पुराण" मा सैकडौं होइन, हजारौं वर्ष अघि "हिन्दु" शब्दको प्रयोग भएको पाईन्छ । अहिले आएर भारतले सन् १९४८ मा भएको सिन्धु नदी जल सम्झौता एकपक्षीय रुपमा पाकिस्तानको पक्ष पोषण गर्ने गरेको कारण यसलाई थप निरन्तरता दिने पक्षमा रहेको छैन तथा यसको खारेजी चाहन्छ जबकी भारतको यस निर्णयवाट पाकिस्तानलाई ठुलो आर्थिक क्षति हुनेछ। पाकिस्तान भने यसको खारेजी भारतले नगरोस भन्ने मनसायले भारतमाथि दवाव बनाउन विभिन्न कोणवाट प्रयास गरिरहेको छ।


सिन्धु जल प्रणाली : झण्डै १८०० मील लामो यस नदीका पश्चिमी सहायक नदीहरु (काबुल, कुर्रम) ७०० मील भन्दा बढी छन् । पूर्वी सहायक नदीहरु (झेलम, चेनाब, रवी, व्यास र सतलज) को कुल लम्बाई २ हजार ८०० मील छ। यो प्रणाली चारलाख पचास हजार वर्ग मील क्षेत्रफलमा बग्छ र यो विश्वका ठुला नदीहरु मध्येको एक हो । अधिकांश वेसिन भारत र पाकिस्तानमा पर्छ, जसले दक्षिण एसियाली क्षेत्रको इतिहास, संस्कृति र पारिस्थितिक प्रणालीलाई प्रभाव पार्छ।

वार्ताको पृष्ठभूमि सन् १९४७ मा भारतको विभाजन सँगै सिन्धु जल पनि विवादको विषय बन्यो, अहिलेसम्म यसको सहमतिपूर्ण समाधान निस्किन सकेको छैन, तत्काल भारत यसको सहमतिपूर्ण समाधान चाहन्छ, जो दुवै देशको हितमा होस्। ४ मे १९४८ मा नयाँ दिल्लीमा दुई देशबीच भएको सम्झौता सिन्धु पानीको पहिलो नियमन थियो। पानी आपूर्ति विवाद उत्पन्न भएको, स्वीकार गर्दै त्यस सम्झौताले स्वामित्व अधिकारबारे पश्चिमी पंजाबलाई पूर्वी पंजाबको पानीको कुनै पनि भाग अधिकारको रुपमा दावी गर्न अनुमति नदिएको बताएको थियो । पछि २३ अगस्ट १९५० मा पाकिस्तान यस प्रतिबद्धतावाट पछाडि हटयो ।

सन् १९५१ को प्रारम्भमा, टेनेसी उपत्यका प्राधिकरणका पूर्व अध्यक्ष डेभिड लिलिएन्थलले विश्व बैंकको कार्यालय प्रयोग गरेर भारत र पाकिस्तानले संयुक्त रुपमा सिन्धु बेसिन प्रणाली विकास गर्नु पर्ने प्रस्ताव राखे । त्यसपछि विश्व बैंकका तात्कालिन अध्यक्ष युजीन बल्याकले ६ सेप्टेम्बर १९५१ मा दुवै प्रधानमन्त्रीहरुलाई पत्र लेखेर यो प्रस्ताव गरे । दुवै देशले त्यसलाई स्वीकार गरे। ब्ल्याकले भारतीय, पाकिस्तानी र विश्व बैंकका इन्जिनियरहरुको कार्यदलको प्रस्ताव राखे, वार्ताहरुमा चरम उतार-चढावहरु आए र कहिलेकाँही पतनको संघारमा पनि पुगे, तर विश्व बैंकको दृढताले सन् १९६० मा सन्धिमा हस्ताक्षर भयो ।

सिन्धु जल सन्धिका कानूनी संरचनाहरुः सन्धि जल सन्धि १९ सेप्टेम्बर १९६० मा कराँचीमा हस्ताक्षर गरिएको थियो र १२ जनवरी १९६१ मा लागु भएको थियो, जुन "प्रभावी मिति" १ अप्रील १९६० देखि पूर्व व्यापी रुपमा लागु भएको थियो। यसमा १२ धाराहरु छन्, जस अन्तर्गत ७९ अनुच्छेदहरु छन् । आठ अनुसूचिहरु यसका पुरक छन्, प्रस्तावमा भारत र पाकिस्तानका पूर्ण अधिकारवालाहरुको मात्र नाम दिइएको छ भने, डब्लु ए.बी.लिफले विश्व बैंकको तर्फवाट हस्ताक्षर गरे, जुन धारा ५ र १० तथा अनुसूचि एफ, जी र एचमा निर्दिष्ट उद्देश्यहरुको लागि मात्र एउटा पक्ष हो।

दस्तावेजले भन्छ कि सन्धिमा भएको कुनै पनि कुरालाई कानूनको कुनै पनि सामान्य सिद्धान्त वा कुनै नजिर स्थापित गर्ने क्रममा व्याख्या गरिने छैन, नजिरको सन्दर्भलाई सल्लाह वा दासताको आधारमा तर्कहरु रोक्नको निम्ति डिजाइन गरिएको हो । यसले पूर्वी नदीहरु (रावी, ब्यास, सतलज) भारतलाई र पश्चिमी नदीहरु (सिन्धु, झेलम, चेनाब) पाकिस्तानलाई छुटयाउँछ।



सन्धिका उद्देश्यहरु भारत सरकार र पाकिस्तान सरकारले सिन्धु नदी प्रणालीको सबैभन्दा पूर्ण र सम्मानजनक उपयोग प्राप्त गर्न समान रुपमा इच्छुक भएकाले र त्यस कारण, सदभावना र मित्रताको भावनामा यी पानीको प्रयोग सम्बन्धी एक अर्कासँगको सम्बन्धमा एक अर्काका अधिकार र दायित्वहरु निर्धारण र सीमांकन गर्ने आवश्यकतालाई स्वीकार गर्दै र यहाँ सहमति भएका प्रावधानहरुको व्याख्या वा प्रयोगको सम्बन्धमा यस पछि उठन सक्ने सबै प्रश्नहरुको सहयोगात्मक भावनामा समाधानको लागि व्यवस्था गर्ने यी उद्देश्यहरुलाई अगाडि बढाउन सन्धि सम्पन्न गर्ने संकल्प गरेका छन्।

विवाद समाधान यस सन्धिले दुवै देशका प्रतिनिधिहरु मिलेर बनेको स्थायी सिन्धु आयोगलाई मुख्यतया प्रशासनिक र परामर्शदायी मुद्दाहरु समाधान गर्न भूमिका सुम्पिएको छ। विवाद समाधान ढाँचाको केन्द्र बिन्दु रहेको धारा ९ ले "प्रश्न" "फरक" र "विवाद" बीच स्पष्ट भिन्नता राख्छ।

विवाद समाधान संयन्त्र- "मतभेद र विवादहरुको समाधान" शीर्षक अन्तर्गत, यो सन्धिले दुवै देशका प्रतिनिधिहरु मिलेर बनेको स्थायी सिन्धु आयोगलाई मुख्यतया प्रशासनिक र परामर्शदायी मुद्दाहरु समाधान गर्ने भूमिका सुम्पिएको छ। विवाद समाधान ढाँचाको केन्द्रबिन्दु रहेको धाराले "प्रश्न" "फरक" र विवाद बीच स्पष्ट भिन्नता राख्छ । कुनै पनि प्रश्नको पहिले आयोगद्वारा जाँच गरिन्छ। यदि कुनै सहमति भएन भने, भिन्नता उत्पन्न भएको मानिन्छ, तटस्थ विशेषज्ञद्वारा समाधान गरिने प्रावधान छ। भिन्नता धारा ९ को अनुच्छेद २ (क) भन्दा बाहिर परेमा वा तटस्थ विशेषज्ञले आयोगलाई जानकारी गराएमा मात्र विवाद उत्पन्न भएको मानिन्छ।

कुनै पनि मतभेदलाई तटस्थ विशेषज्ञद्वारा सम्बोधन गर्ने वा विवाद मान्ने भन्ने निर्णय गर्ने अधिकार आयोगलाई छ, त्यस्तो निर्णय आयोगले दुई सरकारहरुलाई जानकारी गराउँदछ अथवा अर्कोलाई सम्झौताद्वारा समाधान गर्न आमन्त्रित गर्दछ र यसका मध्यस्थकर्ताहरुलाई सूचिबद्ध गर्न सकिन्छ। मध्यस्थता अदालत वा केवल सम्झौताद्वारा वा विवाद समाधान गर्न वार्ता अथवा मध्यस्थताको असफलता मात्र स्थापना गर्न सकिन्छ।

मध्यस्थता अदालत स्थापनाको लागि पूर्व शर्त : अनुसूचि (मध्यस्थता अदालत) को प्रारम्भिक भाषा अत्यनत महत्वपूर्ण छ, यदि धारा ९ को प्रावधानहरु अन्तर्गत मध्यस्थता अदालत स्थापना गर्न आवश्यकता उत्पन्न भयो भने, यस अनुसूचिका प्रावधानहरु लागु हुनेछन्। "यदि आवश्यकता भने" वाक्यांशले निश्चित पूर्व शर्तहरु पुरा गरे पछि मात्र पुगेको चरणलाई जनाउँछ, यो होईन कि कुनै पनि प्रश्न कुनै पनि पक्षको इच्छामा मध्यस्थता अदालतमा पठाउन सकिन्छ । विवाद तब मात्र उत्पन्न हुन्छ जब दुवै आयुक्तहरु त्यसो गर्न सहमत हुन्छन्, वा जहाँ तटस्थ विशेषज्ञले आयोगलाई त्यसरी जानकारी दिन्छ र त्यसपछि मात्र एक पटक वार्ता र मध्यस्थता समाप्त भए पछि, मध्यस्थताको आवश्यकता उत्पन्न हुन सक्छ।

"भिन्नता र विवाद" को समाधानमा एउटा उल्लेखनीय भिन्नता देखा पर्दछ। कुनै पनि आयुक्तले एकतर्फी रुपमा तटस्थ विशेषज्ञद्वारा भिन्नतालाई सम्बोधन गर्न पहल गर्न सक्छन्, तर कुनै पनि "भिन्नतालाई" एकतर्फी रुपमा विवाद मान्न सक्ने प्रावधान छैन यो दुवै आयुक्तहरुको सहमतिमा आयोगको निर्णय हुनुपर्छ। फलस्वरुप एकतर्फी रुपमा मध्यस्थता अदालत प्रकृया सुरु गर्ने कुनै प्रश्न नै उठदैन । द्विपक्षीय सन्धिले सामान्यतया पारस्परिक निर्णयको व्यवस्था गर्दछ, पछिल्लो सिन्धुजल सन्धिको सन्दर्भमा सत्य हो।

एक तर्फी प्रकृयाको सुरुवातको प्रभाव सन्धिको प्रावधानको उल्लङ्घन र अर्को पक्ष सँग विकल्पहरु

यदि सन्धि अनुसार विवाद उत्पन्न भएको छैन, भने, मध्यस्थता अदालतको स्थापनाको प्रकृया शुरु गर्ने कुनै पनि पक्षले एकतर्फी निर्णय गर्नु सन्धिको उल्लंघन हुन सक्छ, त्यसैले, यो बेगैर कानूनी हुन सक्छ, करार गर्ने अर्को पक्षले स्पष्ट रुपमा उपचारात्मक विकल्पहरु खोज्नेछ।

विचारणीय प्रश्न यो छ, कुनै एक पक्षले सन्धिको महत्वपूर्ण पक्षको उल्लंघन गर्छ, जसले गर्दा यसको उद्देश्य नै समाप्त हुन्छ, के यसले यसको निरन्तर कार्य सम्पादनलाई असम्भव बनाउँदैन ? धेरै पटक सन्धि कानून सम्बन्धि भियना कन्भेन्सन १९६९ लाई, यस्तो प्रश्नको जवाफ दिन सबैभन्दा सान्दर्भिक उपकरणको रुपमा प्रयोग गरिन्छ, किनभने कन्भेनसनका धेरे जसो धाराहरुले परम्परागत अन्तर्राष्ट्रिय कानूनलाई प्रतिबन्धित गर्छ। न त भारत र न त पाकिस्तान यस कन्भेन्सनको पक्ष हो, र सिन्धु जल सन्धि यसभन्दा पहिलेको हो।

यद्यपि यदि महासन्धि लागु गर्ने हो भने पनि, यसलाई धारा ६० को यसको प्रमुख प्रावधानसँगै पढनुपर्छ, जसले सन्धि उल्लंघन हुँदा के हुन्छ, भनेर सम्वोधन गर्दछ ? "भौतिक उल्लंघन" मा सन्धिको उद्देश्य वा उद्देश्य प्राप्त गर्न आवश्यक पर्ने कुनै पनि प्रावधानको उल्लंघन समावेश छ। यसले भारतको लागि स्पष्ट कानूनी आधार स्थापित गर्दछ।

अब सान्दर्भिक प्रश्न यो उत्पन्न हुन्छ कि जब पाकिस्तानले सन्धि अनुसार विवाद उत्पन्न नभई एकतर्फी रुपमा मध्यस्थता अदालत स्थापना गर्न अग्रसर भयो जसमा एउटा आवश्यक प्रकृयागत सुरक्षालाई बेवास्ता गरियो, के यो सन्धिको उद्देश्यको लागि आवश्यक प्रावधान उल्लंघन हो ?

निष्कर्ष - सन्धि जलसन्धि भारतको विभाजनको परिणाम स्वरुप सम्पन्न भएको एक अद्वितीय द्विपक्षीय दस्तावेज हो । प्रस्तावना, धारा र अनुसूचिहरु समान रुपमा सारभुत छन्, र मिलेर १९६० को सिन्धु जल सन्धि बनाउँछ । विवाद समाधान संयन्त्रले सबै मुद्दाहरुलाई सदिच्छा र मित्रताको भावनामा सहयोगद्वारा समाधान गर्नुपर्ने, सम्भव भएसम्म तेश्रो पक्षको संलग्नतावाट बच्ने व्यवस्था गरेको छ। यदि एक पक्षले "विवाद" को चरणमा नपुगेका मुद्दाहरुको समाधानको लागि एकतर्फी रुपमा मध्यस्थता अदालतमा अर्को पक्षलाई तान्छ भने यो सन्धिको मुलभुत उद्देश्य विरुद्ध जान्छ र उल्लंघन हुन सक्छ, जसले सन्धिको कार्यसम्पदानलाई असम्भव बनाउँछ। आईडब्लुटीको भावना र "उद्देश्य" सदभावना र मित्रतामा आधारित छ । पाकिस्तानले सीमापार आतंकवादमा निरन्तर संलग्नता राख्नुको कारण सन्धि अन्तर्गत उसले आफ्नो तर्फवाट दायित्वहरु पुरा गर्न असफल भएको छ। त्यस कारण यो एउटा भौतिक उल्लंघन हो भन्ने भारतको सहर र भारतलाई परम्परागत अन्तर्राष्ट्रिय कानून अन्तर्गत सन्धिलाई स्थगित राख्ने पूर्णअधिकार छ भने कुरालाई अस्वीकार गर्न सकिदैन।

# संघीय राजधानी नै डुबानको चपेटामा

**प्रगति ढकाल**



अहिले मनसुन याम, मौसमको कुनै भर हुँदैन । बिहान टन्टलापुर घाम लागिरहेको हुन्छ भने साँझ घर फर्कने बेला एक्कासी मुसलधारे वर्षा हुन थाल्छ। त्यसपछि सुरू हुन्छ, उपत्यकावासीको अर्को चिन्ता- कतै सडक जलमग्न त हुने होइन ? सवारी चालकलाई डुबेको सडक छिचोल्नुपर्ने बाध्यता हुन्छ भने पैदलयात्री सुरक्षित पाइला टेक्ने बाटो खोज्दै भौँतारिनुपर्छ।

गत बिहीबार साँझको व्यस्त समय थियो । सरकारी तथा विभिन्न निजी कार्यालयका कर्मचारीहरू दिनभरको काम सकेर घर फर्कने तयारीमा थिए। विद्यालय र कलेजका विद्यार्थीहरू पनि पुस्तकका झोला बोकेर आफ्ना गन्तव्यतर्फ लागिरहेका थिए। सडकमा सवारीसाधनको चाप बढ्दो थियो र राजधानी आफ्नो नियमित गतिमा चलिरहेको थियो। एक्कासी आकाशमा कालो बादल मडारिएर केही क्षणमै झमझम पानी पर्न थाल्यो। वर्षा त्यति धेरै थिएन तर त्यसको असर भने केही मिनेटमै देखियो।

मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार नजिकैको माइतीघर र अनामनगर क्षेत्र नै जलमग्न हुन थाल्यो। यीलगायत उपत्यका अन्य सडकसमेत जलमग्न बने। सडकमा गुडिरहेका सवारीसाधन पानीमै रोकिन थाले, यात्रुहरू अलपत्र परे र पैदल यात्रुहरू सुरक्षित बाटो खोज्दै भौँतारिन बाध्य भए। कतिपय कर्मचारी समयमै घर पुग्न सकेनन्। कतिपयले जोखिम मोलेर पानीमाथि मोटरसाइकल कुदाइरहेका थिए। विशेषगरी दुईपाङ्गे सवारी चालकहरूका लागि डुबानले थप चुनौती सृजना गरिरहेको थियो। सडकको खाल्डाखुल्डी पानीमुनि लुकेका थिए, जसले दुर्घटनाको जोखिम अझ बढाएको थियो।

यो दृश्य बिहीबार साँझको मात्रै होइन, पछिल्ला वर्षहरूमा राजधानी बर्सेनि डुबानमा परेको छ। मनसुन समयमा भारी वर्षा नभए पनि सडक जलमग्न हुनु, सवारी आवागमन अवरुद्ध हुनु र जनजीवन प्रभावित हुनु उपत्यकावासीका लागि लगभग नियमित समस्याजस्तै बनेको छ। प्रश्न उठ्छ- भारी वर्षा नै नभएको अवस्थामा पनि किन डुबानमा पर्छ काठमाडौँ उपत्यका ? विशेषज्ञहरूका अनुसार अव्यवस्थित सहरीकरण, साँघुरा तथा अवरुद्ध ढल प्रणाली, नदी-खोलाको अतिक्रमण, सडक निर्माणका क्रममा पानी निकासलाई बेवास्ता गर्नु र बढ्दो कङ्क्रिट संरचनाले वर्षाको पानी जमिनमा सोसिन नपाउनु यसका मुख्य कारण हुन्। केही वर्षाअघि सहज रूपमा बग्ने पानी अहिले सडक र बस्तीमै थुनिन थालेको छ।

**ढल प्रणालीमा बढ्दो चापले समस्या**

काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले उपत्यकामा पछिल्ला वर्षहरूमा देखिएको सडक डुबानको समस्या ठूलो वर्षाका कारणमात्र नभई ढल प्रणालीमा बढ्दो चाप, प्लास्टिकजन्य फोहर र पूर्वाधार निर्माणबीचको समन्वय अभावका कारण पनि जटिल बन्दै गएको जनाएको छ। केयुकेएलका प्रवक्ता प्रकाशकुमार राईका अनुसार केयुकेएलले समय-समयमा ढल सफाइ तथा मर्मतको काम गर्दै आए पनि प्लास्टिकका झोला, बोतल, प्याकेजिङ सामग्रीलगायतका फोहर ढलमा फाल्ने प्रवृत्तिले समस्या समाधान हुनसकेको छैन। "ढल प्रणालीमा यस्ता फोहर जम्मा हुँदा पानीको बहाव अवरुद्ध हुने र सामान्य वर्षामा समेत सडकमा पानी जम्ने अवस्था सृजना हुने गरेको छ", उहाँले भन्नुभयो, "उपत्यकाका धेरै स्थानमा खोलातर्फ बग्नुपर्ने ढलको पानी उल्टै सडकमा फैलिने समस्या देखिएको छ। हामीले बेलाबेलामा ढल सफा गर्ने काम गरिरहेका हुन्छौँ, तर प्लास्टिकजन्य फोहर र निर्माण सामग्रीका कारण फेरि पनि ढल जाम हुने समस्या दोहोरिन्छ।"

राईका अनुसार विशेषगरी मनसुनको समयमा सडक विस्तार, मर्मत तथा अन्य निर्माण गतिविधिबाट बगेको माटो, बालुवा र धुलो ढलभित्र जम्मा हुँदा पानी निकास प्रणाली थप प्रभावित हुने गरेको छ। उहाँले सडक, ढल र अन्य सहरी पूर्वाधार निर्माण गर्ने निकायबीच पर्याप्त समन्वय नहुँदा पनि समस्या बढेको उल्लेख गर्नुभयो। सडक निर्माण वा विस्तारका क्रममा आवश्यक ढलको क्षमता, आकार र निकास प्रणालीको पर्याप्त अध्ययन तथा योजना नबन्दा वर्षाको पानी व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको राईको भनाइ छ। "कुन क्षेत्रमा कति क्षमताको ढल आवश्यक पर्छ भन्ने विषयमा सम्बन्धित निकायबीच समन्वय आवश्यक छ । आवश्यकताअनुसार ढलको आकार विस्तार गर्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो।

प्रवक्ता राईले काठमाडौँ उपत्यकाको तीव्र सहरीकरण र बढ्दो जनसङ्ख्याले पुरानो ढल प्रणालीमाथि थप दबाब सृजना गरेको बताउनुभयो । विगतमा वर्षाको पानी जमिनले सोस्ने क्षमता धेरै भए पनि अहिले अधिकांश खुला क्षेत्र कङ्क्रिट संरचनाले ढाकिएका कारण पानी सिधैँ ढल प्रणालीमा पुग्ने गरेको उहाँले उल्लेख गर्नुभयो। उहाँका अनुसार घरका छाना, आँगन र पक्की संरचनाबाट बग्ने वर्षाको पानी पनि ढलमै मिसिने भएकाले केही समयमै ढल प्रणालीको क्षमता नाघ्ने अवस्था उत्पन्न हुने गरेको छ।

जलवायु परिवर्तनका कारण वर्षाको प्रकृतिमा आएको परिवर्तनले पनि समस्या थप गम्भीर बनाएको उहाँको भनाइ छ। "पहिला वर्षा लामो समयसम्म मध्यम रूपमा हुन्थ्यो, अहिले छोटो समयमा धेरै पानी पर्ने प्रवृत्ति बढेको छ। यसले पुरानो ढल प्रणालीलाई थप चुनौती दिएको छ", राईले बताउनुभयो। उहाँले सहरी डुबानको समस्या समाधानका लागि ढलको क्षमता विस्तार, नियमित सरसफाइ, प्लास्टिक फोहर व्यवस्थापन, वर्षाको पानी सङ्कलन तथा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो । साथै, दीर्घकालीन समाधानका लागि पर्याप्त आर्थिक स्रोतको व्यवस्था र आधुनिक ढल पूर्वाधार निर्माणमा लगानी बढाउनुपर्नेमा राईले जोड दिनुभयो।

**ढलको चाप घटाउन अकासेपानी पुर्नभरण आवश्यक**

काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकृत सन्तोष बरालले उपत्यकामा दीर्घकालीन ढल व्यवस्थापन र भूजल पुनर्भरणका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेको बताउनुभएको छ । उहाँका अनुसार उपत्यकामा ढललाई सिधैँ नदी तथा खोलामा मिसाउने परम्परागत प्रणालीलाई क्रमशः अन्त्य गर्दै प्रशोधनपछि मात्र पानी नदीमा प्रवाह गर्ने नीतिअनुरूप योजना कार्यान्वयन सुरु भएको छ । बरालले वर्षाको पानीलाई जमिनभित्र पुनर्भरण गर्ने उद्देश्यले विद्यालय, कलेज तथा सार्वजनिक भवनहरूमा वर्षाको पानी पुनर्भरण आयोजना सञ्चालन गरिएको जानकारी दिनुभयो । ती आयोजनामार्फत छत तथा खुला क्षेत्रबाट सङ्कलित वर्षाको पानी जमिनमुनि पठाएर भूजलको स्तर संरक्षण गर्ने प्रयास भइरहेको उहाँको भनाइ छ।

बरालका अनुसार त्रिचन्द्र बहुमुखी क्याम्पसलगायतका सार्वजनिक क्याम्पस तथा विद्यालयमा पुनर्भरण प्रणाली स्थापना गरिएको छ । त्रिचन्द्र बहुमुखी क्याम्पसको छतबाट सङ्कलन गरिएको वर्षाको पानीलाई पुनर्भरण प्रणालीमार्फत रानीपोखरी क्षेत्रमा पठाउने व्यवस्था गरिएको उहाँले बताउनुभयो। "हालसम्म उपत्यकाका विभिन्न स्थानमा ३०० भन्दा बढी पुनर्भरण संरचना निर्माण भइसकेका छन्", बराललले भन्नुभयो।

उहाँले वर्षाको पानीसँगै बगेर आउने धुलो, माटो र हिलो ढल प्रणालीभित्र प्रवेश गर्दा ढल जाम हुने समस्या बढ्दै गएको बताउनुभयो। विशेषगरी मनसुनको समयमा सडक तथा निर्माणस्थलबाट बग्ने लेदो र फोहरका कारण ढलको पानी निकास प्रभावित हुने गरेको उहाँको भनाइ छ। बराललले ढल सफाइको काम नियमित रूपमा भइरहेको भए पनि फोहर तथा माटोको अत्यधिक चापले समस्या दोहोरिने गरेको उल्लेख गर्नुभयो । उहाँले सहरी डुबानको समस्या समाधानका लागि सङ्घीय सरकार, स्थानीय तह तथा सम्बन्धित निकायबीच समन्वय आवश्यक रहेको बताउँदै स्थानीय तहहरूले पनि ढल निकास सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिनुभयो । "ढल व्यवस्थापनका लागि प्रभावकारी समन्वय, वर्षा पानी व्यवस्थापन र भूजल पुनर्भरणलाई सँगसँगै अघि बढाउन सके सहरी डुबानको समस्या दीर्घकालीन रूपमा समाधान गर्न सकिन्छ", बराललले भन्नुभयो।

**पानी छिर्ने बाटो बन्द हुदा सहरी डुबानको बढ्दो जोखिम**

भूगर्भविद् डा सुवोध ढकालले भारी वर्षा नहुँदा पनि काठमाडौँ उपत्यकामा बढ्दो सहरी डुबानको समस्या अव्यवस्थित सहरीकरण, भूजल पुनर्भरणमा आएको कमी तथा कमजोर ढल व्यवस्थापनका कारण सृजना भएको बताउनुभएको छ। उहाँका अनुसार मनसुन सुरु हुनुअघि नै ढल, खोला र नाला सफा गर्ने कार्यलाई प्राथमिकता दिएको भए सडक डुबानका धेरै घटनालाई न्यूनीकरण गर्न सकिन्थ्यो । "वर्षालाई रोक्न नसकिने भए पनि पानीको निकासलाई व्यवस्थापन गर्न खुला जमिन राखेको भए आकाशबाट परेको आधा पानी जमिनमुनि छिर्न पाउँथ्यो र क्षति घटाउन सकिन्थ्यो", उहाँले भन्नुभयो, "विगतमा आकाशबाट परेको पानीको ठूलो हिस्सा जमिनभित्र सोसिने र भूजल पुनर्भरण हुने गरेको थियो तर अहिले कङ्क्रिट संरचनाको विस्तारले त्यो प्राकृतिक प्रक्रिया अवरुद्ध भएको छ।"

पछिल्लो समय सडक, पार्किङ क्षेत्र, घर तथा अन्य संरचनामा सिमेन्ट र कङ्क्रिटको प्रयोग बढेसँगै अधिकांश पानी सतहमै बग्ने गरेको भन्दै यसले छोटो समयमा धेरै पानी ढल प्रणालीमा पुग्ने र डुबानको समस्या बढाउने गरेको ढकालले बताउनुभयो। भूगर्वीय बनोटका आधारमा जमिनको पानी सोस्ने क्षमता फरकफरक हुने उहाँले बताउनुभयो। ग्राभेल र बालुवायुक्त क्षेत्रमा पानी सजिलै जमिनभित्र प्रवेश गर्न सक्ने भए पनि कुनै स्थानमा पानी कम मात्रामा सोसिने उहाँको भनाइ छ।

डा ढकालले बढ्दो सहरीकरणसँगै भूजलको अत्यधिक दोहन भइरहेको भए पनि पुनर्भरणका प्रयास पर्याप्त नभएको बताउनुभयो । खाली जग्गा, खुला आँगन तथा सार्वजनिकस्थलहरूमा वर्षाको पानी जमिनभित्र पठाउने संरचना निर्माण गर्न सके भूजल संरक्षण र डुबान नियन्त्रण दुवैमा सहयोग पुग्ने उहाँले उल्लेख गर्नुभयो । ढकालका अनुसार घर निर्माण गर्दा सबै भूभाग कङ्क्रिटले ढाक्नुको सट्टा केही भाग खुला छाड्ने र वर्षाको पानी जमिनभित्र पठाउने व्यवस्था गर्नुपर्छ । "यदि प्रत्येक घरमा थोरैमात्र खुला जमिन राखेर पुनर्भरणको व्यवस्था गर्ने हो भने त्यसको सामूहिक प्रभाव निकै ठूलो हुनसक्छ", उहाँले भन्नुभयो।

# उखु किसानको करिब दुई अर्ब भुक्तानी



महोत्तरी । महोत्तरीका दुई चिनी उद्योगमा बुझाइएको उखुको करिब रु दुई अर्ब रकम किसानले भुक्तानी पाएका छन् । जिल्लाका गौशाला नगरपालिका-१ स्थित एभरेष्ट सुगर एण्ड केमिकल इन्डष्ट्रिज र गौशाला-१२ स्थित सिद्धिविनायक सुगर एण्ड केमिकल इन्डष्ट्रिजमा बुझाइएको उखुको रकमबापत रु एक अर्ब ७६ करोड ५२ लाख ४६ हजार ४५५ किसानले भुक्तानी पाएका जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ।

दुवै उद्योगमा गरेर किसानले २८ लाख ६७ हजार ९८६ क्विन्टल ९६ किलो उखु आर्थिक वर्ष २०८२/८३ को याममा बुझाइएका अभिलेखले देखाएको छ । जम्मा उखुको मूल्यबापत हुने रु एक अर्ब ७७ करोड ३४ लाख ३७ हजार २३२ मध्ये रु एक अर्ब ७६ करोड ५२ लाख ४६ हजार ४५५ भुक्तानी भइसकेको कार्यालयका प्रशासकीय अधिकृत कामेश्वर यादवले जानकारी दिनुभयो।

यसैगरी, सरकारले उखु किसानलाई दिने अनुदानबापतको रकम भुक्तानीका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय महोत्तरीलाई सिफारिस गरिएको छ । जिल्ला भुक्तानी समितिले अहिले रु २० करोड सात लाख ५९ हजार ११७ अनुदान भुक्तानीका लागि सिफारिस गरेको यादवले स्पष्ट पार्नुभयो।

जिल्लामा भुक्तानी सिफारिसका लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा भुक्तानी समितिको व्यवस्था छ। यसपालीको उखुबापतको मूल्य र अनुदान सबै भुक्तानी यसै असार मसान्तभित्र भइसक्ने जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ। रासस

# सजाइँदै टुटेश्वरनाथ मन्दिर: रंग्याइँदै महादेव मन्दिर

महोत्तरी। भगवान् शिवको आराधना र उपासना गरी मनाइने साउन महिना नजिकिँदै जाँदा महोत्तरीको बर्दिबास-५ स्थित टुटेश्वरनाथ महादेव मन्दिरको सरसफाइ र सजाउने कार्य शुरु भएको छ।

'मधेशको कैलाश' भनिने मन्दिर वरपरका चुरेथुम्कामा रहेका रुखसमेत विभिन्न रङरोगन गरी कलात्मक रूपमा सजाइँदैछ । साउने मेलामा पुग्ने श्रद्धालुलाई विशेष अनुभूति गराउन साजसज्जा, रङरोगन र सरसफाइका कामलाई यस वर्ष विशेष रूपमा अघि बढाइएको मन्दिर संरक्षण समितिले जनाएको छ।

सौरमास र चन्द्रमास गणनाअनुरुप साउनभरि यहाँ धार्मिक मेला लाग्ने परम्परा छ। तर यसपालि भने साउन १ गतेदेखि शुरु हुने त्यस मेला साउन पूर्णिमा अर्थात् भदौ १२ गतेसम्म सञ्चालन हुनेछ।

"यहाँ वर्षभरि नै टाढाटाढाबाट श्रद्धालु आइरहन्छन्, तर प्रत्येक साउनमा विशेष मेलाको हुन्छ", समितिका अध्यक्ष राजाराम यादव भन्नुहुन्छ, "साउनको पनि सोमबार विशेष मानिन्छ, मेलालाई विशेष तुल्याउन यस वर्ष पनि पहिलेदेखि नै साजसजा, रङरोगन र सरसफाइका काम बढाएका छौं।"

भगवान् शिवको बासस्थान कैलाश मानिने र टुटेश्वरनाथ मन्दिर चुरेस्थित पहाडी थुम्कामा अवस्थित हुँदा शिवको बासस्थानसँग जोडेर हेरिने गरिएको छ। "यो ठाउँ त्रेतायुगमा मिथिलाका राजा शिरध्वज जनक र द्वापर युगमा अर्जुनले तपस्या गरेका सन्दर्भसँग जोडिएको छ", टुटेश्वरका बासिन्दा पूर्वीय दर्शन परम्पराका जानकार यतिराज काफ्ले भन्नुहुन्छ, "प्राचीन शिवलिङ्ग रहेको मान्यताले मन्दिर अवस्थित पहाडी थुम्कोलाई शिवको बासस्थानसँग जोडेर मधेसको कैलाश भनिने गरिएको हो।"



भारतको देवघरस्थित वैद्यनाथ धामलाई पुकारिएझैँ टुटेश्वरनाथलाई पनि 'नेपालको बाबाधाम' भनिने गरिएको काफ्लेको भनाइ छ । पूर्वपश्चिम राजमार्गको टुटेश्वरचोकबाट आठ किलोमिटर वन क्षेत्र छिचोलेर पुग्न सकिन्छ।

"माण्डवीगङ्गा नदी किनार, चारैतिर सघन वन, पहाडी शृ‌ङ्खला र सदाबहार सुगन्धित फूलको बासनाले जोसुकैलाई विशेष अनुभूति दिन्छ", टुटेश्वरनाथ महादेवको उद्भवबारे नै स्नातकोत्तर तहको सोध गर्नुभएका पत्रकार राजकरण महतो भन्नुहुन्छ, "त्रेता र द्वापर युगसँग जोडिएको सन्दर्भबारे विस्तृत चर्चा हुनसकेका छैनन्, यसबारे तीनै तहका सरकारबीचको समन्वयले काम बढ्न जरुरी छ।"

यसअघि २०५२ सालमै टुटेश्वरनाथ मन्दिरको संरक्षणमा स्थानीय चासो दिएपछि मधेस प्रदेश सरकारले पनि पछिल्लो समय पूर्वाधार विकास र संरक्षणमा सहयोग पुर्याएको छ । मधेस प्रदेशका तत्कालीन मुख्यमन्त्री सतिशकुमार सिंह र पर्यटनमन्त्री सकिल मिँयाले पनि त्यस क्षेत्रको अवलोकन गर्नुभएको थियो । पछिल्लो समय उक्त ठाउँलाई धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्न प्रयास भइरहेको छ।

त्यस ठाउँको संरक्षण र प्रचारका लागि स्थानीयस्तरमा समुदायबाट भइरहेका प्रयत्न सकारात्मक भए पनि थप पहल आवश्यक रहेको स्थानीयको भनाइ छ। दर्शन गर्न त्यहाँ पुग्नुभएकी हेटौँडाको बासामाढीकी तुलसा काफ्ले न्यौपाने भन्नुहुन्छ, "यो आस्था र विश्वासको थलो हो। राज्यको चासो र उपस्थितिले थप भरोसा जाग्न सक्छ।" त्यस मन्दिरमा महाशिवरात्रि र बालाचतुर्दशीमा पनि विशेष मेला लाग्दै आएको छ। त्यस मन्दिरमा बागमती र कोशी प्रदेश तथा भारतको बिहार, झारखण्ड र उत्तर प्रदेशसम्मका श्रद्धालु भक्तजन ठूलो सङ्ख्यामा आउने गरेको पाइएको छ।

मन्दिरअवस्थित थुम्को परिसर वरपर असङ्ख्य सर्प देखिए पनि सर्पदंशका घटना कहिल्यै नभएका मन्दिरका पुजारी सिरी राय बताउनुहुन्छ। महादेवको दर्शन र प्रार्थनाले मनोकाङ्क्षा पूरा हुने, सद्भाव बढ्ने र शान्तिको अनुभूति मिल्ने गरेको गौशाला-४ रजखोरका ७५ वर्षीय वासुदेव महतो बताउनुहुन्छ।

महतो माण्डवीगङ्गा, स्वर्णमति र वरुणवति नदीको त्रिवेणी सङ्गममा जल बोकेर २०४० सालदेखि १८ किलोमिटर घम्नेर पार गर्दै शिवलिङ्गमा जल चढाउँदै आउनुभएको छ। मन्दिर क्षेत्रको विकास र संरक्षणमा स्थानीयको चासोलाई राज्यले सम्बोधन गर्नुपर्ने महतोको सुझाव छ। रासस

# गौशालाका पाँच सामुदायिक विद्यालयमा अंग्रजी माध्यममा पढाइ

मटिहानी। गौशालास्थित सात विद्यालयमा अंग्रेजी माध्यमबाट पढाइ शुरु भएपछि यहाँका अभिभावकलगायत विद्यार्थीको पहिलो रोजाइ नै सामुदायिक विद्यालय बन्दै गएको छ।




गौशाला नगरपालिकामा ३२ सार्वजनिक विद्यालय छन् । पहिलो चरणमा पाँच विद्यालयमा अंग्रेजीमा पढाइ शुरु गरिएको हो। यहाँ कक्षा १ देखि कक्षा १२ सम्म अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु गरेका कारण विद्यार्थीका बाबुआमा र छात्रछात्राको चाहना नै समुदायस्तरीय पाठशालामा पढ्ने रहेको छ। त्रिभुवन मावि गौशाला र जनता मावि भरतपुरखोरमा कक्षा नर्सरीदेखि कक्षा १० सम्म, श्री मावि निगौलमा कक्षा ४ सम्म, जनता मावि रजखोरमा कक्षा ५ सम्म, श्री राष्ट्रिय मावि कान्तिवजारमा कक्षा ५ सम्म अंग्रेजी माध्यममा पढाइ भइरहेको छ।

> "कुनै समय अभिभावकको पहिलो रोजाइ निजी विद्यालय बन्ने गरेकोमा हाल समुदायगत विद्यालयले अंग्रेजी माध्यममा पढाइ सुरु गरेपछि अभिभावकको शिक्षामा लगानी बचत भएको बताउनुभयो ।"

पूर्वशिक्षक भरतसिंहले भन्नुभयो, "कुनै समय अभिभावकको पहिलो रोजाइ निजी विद्यालय बन्ने गरेकोमा हाल समुदायगत विद्यालयले अंग्रेजी माध्यममा पढाइ सुरु गरेपछि अभिभावकको शिक्षामा लगानी बचत भएको बताउनुभयो।"

जनता मावि रजखोरका प्रधानाध्यापक अमोदकुमार साहले अभिभावकको इच्छाअनुसार बिद्यालयले अङ्ग्रेजी माध्यमबाट पठनपाठन सुरुआत गरेको बताउनुभयो । उहाँले गौशाला नगरपालिकाले शिक्षामा एकरुपता ल्याउनुपर्ने बताउनुभयो।

नगरपालिकाले सामुदायिक विद्यालयमा अनिवार्य अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउन आएको निर्देशनअनुरुप सामुदायिक विद्यालयले अङ्ग्रेजी माध्यममा पढाउन सुरुगरेको शिक्षा समितिका सदस्य जीतेन्द्रकुमार सिंहले बताउनुभयो।

श्री मावि निगौलका प्रधानाध्यापक सिंहले नगरपालिकाबाट जारी गरिएको निर्देशनअनुरुप यहाँका समुदायगत बिद्यालयले अङ्ग्रेजी माध्यमबाट पठनपाठन निःशुल्क दिन थालेपछि पछिल्लो समयमा सार्वजनिक पाठशालाको चर्चा चुलिएको बताउनुभयो।

दरबन्दी मिलान, विद्यालय व्यवस्थापन समितिको सहयोगात्मक भूमिकालगायतका प्राविधिक पक्षलाई सम्बोधन गर्दै अङ्ग्रेजी माध्यमको पढाइलाई अभियानका रुपमा नगरपालिकाले नीति बनाएरै अगाडि बढने नगर शिक्षा अधिकृत सञ्जयकुमार सिंहले जानकारी दिनुभयो।

गौशााला नगरपालिकाका नगरप्रमुख डा दीपेन्द्र महतोले शैक्षिक गुणस्तर प्रदान गर्नका लागि स्थानीय पालिकाले अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु गरेको जानकारी दिनुभयो। उहाँले विद्यालयमा तालिमप्राप्त शिक्षक, अत्यावश्यक पूर्वाधार, पाठ्यपुस्तकलगायतका आवश्यक शैक्षिक सामग्री प्रदान गर्दै अघि बढेको बताउनुभयो। रासस

# ठूलो परिमाणमा लागू औषधसहित तीन पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । सशस्त्र प्रहरी बल नेपालले वीरगञ्ज नाकामा सञ्चालन गरेको विशेष निगरानीकाक्रममाठूलोपरिमाणमा प्रतिबन्धित लागूऔषधसहित तीन जनालाई नियन्त्रणमा लिएको छ।

सीमा सुरक्षा गुल्म, वीरगञ्जबाट परिचालित टोलीले विशेष सूचनाका आधारमा भारतबाट नेपालतर्फ आउँदै गरेको म.प्र.०३-००१ ह १९८१ नम्बरको ई-रिक्सालाई शंकास्पद देखिएपछि जाँच गरेको थियो। जाँचका क्रममा ई-रिक्सामा सवार करिब २५ वर्षीया भारतीय महिलाले आफ्ना दुवै तिघ्रामा टेपले बाँधेर लुकाई ल्याएको अवस्थामा प्रतिबन्धित लागूऔषध फेला परेको सशस्त्र प्रहरीले जनाएको छ।

बरामद लागूऔषधमा डाइजोपाम २०० एम्पुल, हाइड्रोक्लोराइड २०० एम्पुलतथाबुप्रेनोर्फिन२पिसरहेका छन्। पक्राउ परेकी महिलासहित बरामद लागूऔषध र ई-रिक्सालाई आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अगाडि बढाउन नेपाल प्रहरीको जिम्मा लगाइएको छ। यस घटनासँग सम्बन्धित थप दुई जनालाई पनि नियन्त्रणमा लिएर कारबाहीका लागि पठाइएको सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले जानकारी दिएका छन्।



यसैबीच, वीरगञ्जकै छपकैया सीमा क्षेत्रबाट भन्सार छली गरी नेपाल भित्र्याइएका ठूलो परिमाणका भिटामिन औषधि पनि सशस्त्र प्रहरीले बरामद गरेको छ। बीओपी सिर्सियाबाट खटिएको टोलीले करिब ५ लाख रुपैयाँ बराबर मूल्यका चार कार्टुन भिटामिन औषधि नियन्त्रणमा लिएको हो।

बरामद गरिएका औषधिहरू आवश्यक कानुनी कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ। सीमा क्षेत्रमा लागूऔषध ओसारपसार तथा भन्सार छली नियन्त्रण गर्न सुरक्षा निगरानी थप प्रभावकारी बनाइएको पनि प्रहरीले जनाएको छ।


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति : २०८३/०३/२४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८२/११/१३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८२/१०/१९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/१०/११ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फर्छ्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८२/१०/१९ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र कुनै पनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त नभएको हुँदा पुनः दोश्रो पटक मिति २०८२/११/१३ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र पनि कुनै पनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त नभएको हुँदा पुनः तेश्रो पटक यो सूचना प्रकाशित गरी इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

महोत्तरी जिल्ला, भँगाहा न.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा मिति २०७९/०४/२३ गते प्रा.फ.र.नं. ९८३८/६३/०७९/०८० तथा आन्तरिक राजश्व कार्यालय जनकपुर र करदाता सेवा कार्यालय जलेश्वरमा मिति २०७९/०४/२३ मा स्थायी लेखा नम्बर (PAN) १३३५५४५८२ अन्तर्गत दर्ता कायम भएको **आयान ट्रेडर्स**।

**प्रोप्राइटर : समसुल राईन**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. सबदुल राईनको नाति, लतिफ राईनको छोरा, महोत्तरी जिल्ला, साविक धर्मपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ८ बस्ने **समसुल राईन** (ना.प्र.नं. १८२४८६२७१०, जारि मिति २०५९/०७/१४, जि.प्र.का. महोत्तरी)। | २. लतिफ राईनको बुहारी, समसुल राईनको पत्नी, महोत्तरी जिल्ला, साविक धर्मपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ८ बस्ने **सिमा खातुन** (ना.प्र.नं. १८-१-०५९/२५८, जारि मिति २०६८/०१/१२, जि.प्र.का. महोत्तरी)। |

**धितोको विवरण**

१. समसुल राईन (ना.प्र.नं. १८२४८६२७१०, जारि मिति २०५९/०७/१४, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, साविक धर्मपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. ८३३ को क्षेत्रफल ०-३-१५-० (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. आयान ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाइपोथिकेशन सुरक्षण।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०४/०६ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०४/०७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९०००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय जनकपुर, धनुषामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com


# बस दुर्घटनामा तीन घाइते



**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्वपश्चिम लोकमार्ग अन्तर्गत धनुषाको धनुषाधाम नगरपालिका-९ धारापानीमा एक यात्रुवाहक बस दुर्घटना हुँदा चालकसहित तीन जना घाइते भएका छन्।

प्रहरीका अनुसार सोमबार राति करिब १ बजे काँकडभिट्टाबाट वीरगञ्जतर्फ जाँदै गरेको प्रदेश १-०१-००१ ख ३८४३ नम्बरको बस अनियन्त्रित भई सडकछेउ पल्टिँदा दुर्घटना भएको हो।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार दुर्घटनामा बसमा सवार १४ जनामध्ये तीन जना घाइते भएका छन्। घाइते हुनेमा बस चालक झापाको मेचीनगर नगरपालिका-७ का ३५ वर्षीय सन्तुलाल चौधरी रहेका छन्।

चौधरीको शरीरका विभिन्न भागमा चोट लागेको र उनको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ। उनको जनकपुरधामस्थित साई ट्रमा सेन्टरमा उपचार भइरहेको छ।

यस्तै, दुर्घटनामा भारत निवासी ४० वर्षीय सन्दीप पाठक र उनकी श्रीमती ३५ वर्षीया सुनिता क्षेत्री पनि घाइते भएका छन्। उनीहरूको धनुषाको वीरेन्द्रबजार स्थित कमलामाई अस्पताल मा उपचार भइरहेको ढल्केवर प्रहरीले जनाएको छ।

दुर्घटनापछि सकुशल रहेका ११ जना यात्रुलाई अर्को बसको व्यवस्था गरी गन्तव्यतर्फ पठाइएको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ। बस दुर्घटनाको कारणबारे अनुसन्धान जारी रहेको जिल्ला प्रहरीका डिएसपी मधुसुदन न्यौपानेलेजनाएको छ।

# १४ लाखको सामान बरामद

**टुडे समाचारदाता**

लहान । सशस्त्र प्रहरी सिरहाले भन्सार छली गरी ओसारपसार गरिएका १४ लाख रुपैयाँभन्दा बढी मूल्यका विभिन्न तस्करीका मालसामान बरामद गरेको छ।

सिरहाको नेपाल-भारत सीमा क्षेत्रमा सुरक्षा निगरानी कडा पारिएपछि जिल्लाका विभिन्न सीमा नाकामा सञ्चालन गरिएको विशेष सुरक्षा तथा चेकजाँच अभियानका क्रममा भारतबाट नेपालतर्फ भित्र्याईँदै तथा नेपालबाट भारततर्फ लैजाँदै गरिएका अन्दाजी रु. १४ लाख ३ हजार ३२६ बराबरका सामान नियन्त्रणमा लिइएको हो।

सुरक्षा स्रोतका अनुसार बरामद गरिएका सामानमा मोटरसाइकल, कस्मेटिक सामग्री, पित्तलका भाँडा, मदिरा, विद्युतीय उपकरण, किराना सामग्री तथा डिजेल रहेका छन् । ती सामान अवैध रूपमा भन्सार छली गरी ओसारपसार गर्ने प्रयास भइरहेको अवस्थामा विभिन्न स्थानबाट नियन्त्रणमा लिइएको जनाइएको छ।



बरामद गरिएका सबै सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित भन्सार कार्यालयमा बुझाउने तयारी भइरहेको सुरक्षा निकायले जनाएको छ। घटनामा संलग्न व्यक्ति तथा तस्करीको सञ्जालबारे थप अनुसन्धानसमेत भइरहेको बताइएको छ।

नेपाल-भारत खुला सीमाको दुरुपयोग गर्दै हुने अवैध चोरी-पैठारी, राजस्व छलि तथा तस्करी नियन्त्रणका लागि सीमा क्षेत्रमा सुरक्षा व्यवस्था थप सुदृढ बनाइएको सशस्त्र प्रहरी सिरहाले जनाएको छ।

सुरक्षा निकायका अनुसार आगामी दिनमा पनि सीमा नाकाहरूमा नियमित गस्ती, सघन चेकजाँच र विशेष निगरानी अभियानलाई निरन्तरता दिइनेछ । पछिल्ला महिनाहरूमा सीमा क्षेत्रमा सुरक्षा सक्रियता बढेसँगै अवैध रूपमा भित्र्याइने सामान बरामद हुने क्रम पनि बढ्दै गएको छ।

# सरकारी विज्ञापन बारे सर्वोच्चको फैसला असार ३० गते आउने

**टुडे समाचारदाता**

काठमाण्डू । सरकारी विज्ञापन नीजि मिडियालाई निषेध गरिएविरुद्धको मुद्दामा दुईदिन लामो बहस सकिएपछि सर्वोच्च अदालतले. असार ३० गते फैसला सुनाउने आदेश गरेको छ ।

न्यायाधीशद्धय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासमा दुईदिन लामो बहस सकिएपछि असार ३० मा फैसला सुनाउने आदेश गरेको हो ।

नेपाल मिडिया सोसाइटीका तर्फबाट बरिष्ठ अधिवक्ताहरु शतिसकृष्ण खरेल, रमेश बडाल, ललितबहादुर बस्नेत, दिनेश त्रिपाठी र अधिवक्ताहरु अनन्तराज लुईंटेल, विकास भट्टराई, किर्तिनाथ शर्मा पौडेल, विशाल थापा, दुर्वाशा लुईंटेल र रामप्रसाद पुडासैनीले बहस गरेका थिए भने सरकारको तर्फबाट महान्यायाधिवक्ता नारायणदत्त कंडेल र नायव महान्यायाधीवक्ता उद्धव प्रसाद पुडासैनीले बहस गरेका थिए ।

नेपाल मिडिया सोसाइटिका तर्फबाट बहस गरेका कानुन व्यवसायहिरुले नीजि मिडियालाई लामो समयदेखि दिइआएको विज्ञापनको सुविधा कटौति गरेर सरकारले मिडियालाई नाकाबन्दीमार्फत सिध्याउने मकसद राखेको भनेका थिए ।

उनीहरुले विज्ञापन ऐन र नियमावलीमा समानुपातिक विज्ञापन मिडियाको अधिकार रहेको, सरकारले कुनै मिडियालाई दिने र कुनैलाई नदिने कार्टेलिङ गर्न नपाउने, विज्ञापन बोर्डको अधिकार सरकारले खोस्न नपाउने र प्रदेश सरकार र स्थानीय सरकारको समेत अधिकारमा प्रधानमन्त्री कार्यालयले हस्तक्षेप गर्न नपाउने जिकिर गरेको थियो ।

अन्तराष्ट्रिय नजिर समेत पेश गरेका मिडिय सोसाइटीका कानुन व्यवसायीहरुल सरकारले मिडियालाई कमजोर बनाउने नीति राखी मिडियालाई घांटी अठ्याउने काम गरेको कार्य बदर गर्न माग गरेका छन् ।

सरकारको तर्फबाट भने विज्ञापनमा भएको सरकारी रकमको चुहावट र भ्रष्टाचार रोक्न सरकारले सो कदम चालेको तर नीजि मिडियालाई अधिकार सम्पन्न गराउने नीति सरकारले चांडै ल्याउने जिकिर गरेका थिए ।

प्रधानमन्त्री कार्यालयले चैत १८ गते सरकारी विज्ञापन निजी मिडियालाई निषेध गर्ने गरेको निर्देशनात्मक निर्णयविरुद्ध मिडिया सोसाइटीका अख्तियारप्राप्त अधिवक्ता अनन्तराज लुईंटेलले चैत २४ मा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए ।

चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु संचारमाध्यममार्फत प्रकाशन तथा प्रशारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तह तथा सो अन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरुले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका संचार माध्यममा मात्र प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो ।

सो परिपत्र अनुसार चैत १८ गतेदेखि सबै निजी सञ्चार माध्यममा सरकार विज्ञापन बन्द गरिएको छ । विज्ञापन निषेध गरिएको कारण निजीस्तर मिडियाको आर्थिक अवस्था खस्किदै गएको छ । कयौं मिडिया बन्द समेत भइसकेको छ ।

# कमला सिंचाइले धान रोपाईमा तिव्रता

**प्रदेशभरका आठ जिल्लामा रहेको ३ लाख ८५ हजार ९३३ हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये हालसम्म ५९ हजार ८९५.०६ हेक्टरमा मात्र धान रोपिएको छ, जुन कुल क्षेत्रफलको १४.७३ प्रतिशत हो। पर्याप्त वर्षा हुन नसकेकाले प्रदेशका धेरै स्थानमा रोपाइँको गति अझै सुस्त रहेको कृषि क्षेत्रका अधिकारीहरु बताउँछन् ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेस प्रदेशमा पर्याप्त वर्षा नहुँदा अधिकांश किसान धान रोपाईंका लागि आकाशे पानीको भरमा बसेका छन् । तर कमला सिँचाइ आयोजनाबाट पानी आपूर्ति भएका धनुषा र सिरहाका क्षेत्रमा भने किसानले धान रोपाईंलाई तीव्रता दिएका छन् ।



कमला सिँचाइ व्यवस्थापन कार्यालय, पोर्ताहाले असार १३ गतेदेखि नै धनुषातर्फको पश्चिमी मुख्य नहर र सिरहातर्फको पूर्वी मुख्य नहरमा पानी प्रवाह सुरु गरेपछि नहरको पहुँच भएका गाउँमा रोपाईंले गति लिएको हो। कार्यालय प्रमुख रणधीरकुमार साहका अनुसार विगतमा साउन १ गतेदेखि मात्र नहर सञ्चालन गर्ने अभ्यास रहे पनि यस वर्ष किसानको आवश्यकता र वर्षा अभावलाई ध्यानमा राख्दै समयभन्दा अगावै पानी छाडिएको हो ।

कार्यालयका अनुसार पश्चिमी नहरमार्फत धनुषाको करिब १२ हजार ५०० हेक्टर तथा पूर्वी नहरमार्फत सिरहाको समान क्षेत्रफल गरी कुल २५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ । पछिल्ला वर्षहरूमा सहायक नहर र पैनी विस्तार गरिएपछि अहिले करिब ३० हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सेवा उपलब्ध भइरहेको कार्यालयले जनाएको छ ।

धनुषाको गणेशमान चारनाथ, सबैला, सहिदनगर, विदेह, कमला, हँसपुर, औरही र जनकनन्दनी नगरपालिकासहित आठ स्थानीय तह तथा सिरहाको कर्जन्हा, मिर्चैया, कल्याणपुर, सिरहा र औरहीलगायत क्षेत्रले नहर प्रणालीबाट प्रत्यक्ष लाभ लिइरहेका छन् । आयोजनाअन्तर्गत दुवै जिल्लामा मुख्य र सहायक गरी करिब ५०० किलोमिटर लामो नहर सञ्जाल सञ्चालनमा रहेको जानकारी पनि कार्यालयले दिएको छ ।

हाल पश्चिमी र पूर्वी दुवै मुख्य नहरमा प्रतिक्षण १४ हजार लिटरका दरले पानी प्रवाह भइरहेको कार्यालय प्रमुख साहले बताए। उनका अनुसार कार्यालयअन्तर्गत रहेको हर्दिनाथ सिँचाइ योजनाले थप दुई हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराइरहेको छ। सिँचाइ व्यवस्थापन प्रभावकारी बनाउन विभिन्न स्थानमा किसानको सहभागितामा जल उपभोक्ता समितिहरू पनि गठन गरिएको छ ।

गणेशमान चारनाथ नगरपालिका-९ बरमझियाका किसान रामपुकार यादवले नहरमा समयमै पानी आएपछि धान रोप्न सहज भएको बताए। उनका अनुसार पर्याप्त वर्षा नभए पनि सिँचाइ उपलब्ध भएकाले खेत तयारी र रोपाइँ नियमित रूपमा भइरहेको छ। नहर नपुगेका क्षेत्रमा भने किसानले डिप ट्यूबवेल, इनार तथा विद्युतीय मोटर प्रयोग गरेर रोपाइँ गरिरहेका छन् भने सिँचाइको कुनै विकल्प नभएका किसान अझै वर्षाको प्रतीक्षामा छन् ।

सोही क्षेत्रका अर्का किसान बलि शर्माले यस वर्ष विगतभन्दा छिट्टै नहरमा पानी पुगेकाले रोपाइँ समयमै गर्न सकिएको बताए। उनले नहर आसपासका अधिकांश खेतमा अहिले सिँचाइको समस्या नरहेको उल्लेख गरे ।

कृषि विकास निर्देशनालय, मधेस प्रदेशका तथ्याङ्कअनुसार असार १९ गतेसम्म धनुषामा ४३ हजार ७०० हेक्टर धान खेतीयोग्य जमिनमध्ये ६ हजार ५५५ हेक्टर अर्थात् करिब १५ प्रतिशत क्षेत्रमा मात्रै रोपाइँ सम्पन्न भएको छ ।

प्रदेशभरका आठ जिल्लामा रहेको ३ लाख ८५ हजार ९३३ हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये हालसम्म ५९ हजार ८९५.०६ हेक्टरमा मात्र धान रोपिएको छ, जुन कुल क्षेत्रफलको १४.७३ प्रतिशत हो। पर्याप्त वर्षा हुन नसकेकाले प्रदेशका धेरै स्थानमा रोपाइँको गति अझै सुस्त रहेको कृषि क्षेत्रका अधिकारीहरू बताउँछन् ।

वि.सं. २०१७ कात्तिक २६ गते तत्कालीन सिँचाइमन्त्री गणेशमान सिंहद्वारा शिलान्यास गरिएको कमला सिँचाइ आयोजना नेपालका प्रमुख सिँचाइ आयोजनामध्ये एक हो। आयोजनाले वि.सं. २०४० सालदेखि नियमित रूपमा सिँचाइ सेवा प्रदान गर्दै आएको छ ।

# मधेश बाहेक प्रदेशमा कांग्रेस एमाले सरकार हेरफेर गर्दै



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस र नेकपा (एमाले) बीच भएको सत्ता साझेदारी सहमति अनुसार प्रदेश सरकारहरूको नेतृत्व परिवर्तनको प्रक्रिया साउनको पहिलो सातादेखि सुरु हुने भएको छ ।

एमालेका नेताहरूका अनुसार मधेस प्रदेशबाहेक अन्य सबै प्रदेशमा नयाँ समीकरणअनुसार सरकार पुनर्गठन गरिने तयारी भइरहेको छ ।

नेकपा (एमाले) बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले कांग्रेस-एमालेबीच भएको आलोपालो नेतृत्वको समझदारी कार्यान्वयन गर्ने समय आएको बताएका छन् । उनका अनुसार गठबन्धन बनेदेखि नै प्रदेश सरकारहरू पालैपालो सञ्चालन गर्ने सहमति भएकाले अब त्यसलाई व्यवहारमा उतार्न लागिएको हो ।

थपलियाले मधेस प्रदेशमा भने तत्काल सरकार परिवर्तन नहुने स्पष्ट पारे। उनका अनुसार त्यहाँ केही समयअघि मात्रै नयाँ सरकार गठन भएकाले तत्काल नेतृत्व फेरबदलको सम्भावना नरहेको छ। अन्य प्रदेशमा भने पूर्वसहमतिअनुसार साउनको पहिलो सातादेखि नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्ने उनले बताए ।

उनले कुन प्रदेशको नेतृत्व कुन दलले लिने भन्ने विषयमा कांग्रेस र एमालेका शीर्ष नेताबीच छलफल भइरहेको जानकारी दिए। प्रदेशगत राजनीतिक अवस्था, पूर्वसहमति तथा शक्ति सन्तुलनका आधारमा अन्तिम निर्णय पार्टी नेतृत्वबाट हुने उनको भनाइ छ ।

बागमती प्रदेशको सन्दर्भमा थपलियाले यसअघि एमालेको समर्थनमा अन्य दलबाट मुख्यमन्त्री बनेकाले अबको नेतृत्व एमालेले नै पाउनुपर्ने दाबी गरे। संसदीय अभ्यासअनुसार प्रदेश संसदीय दलको नेताले नै मुख्यमन्त्री बन्ने परम्परा रहेको उल्लेख गर्दै उनले बागमती प्रदेशको मुख्यमन्त्री पदमा आफ्नो स्वाभाविक दाबी रहेको पनि बताए ।

कांग्रेस र एमालेबीचको सत्ता साझेदारी सहमति कार्यान्वयनसँगै आगामी केही साताभित्र मधेस प्रदेशबाहेक अधिकांश प्रदेशमा सरकारको नेतृत्व परिवर्तन हुने राजनीतिक वृत्तमा चर्चा सुरु भएको छ ।

# सेवाग्राही कुट्ने कार्यालय प्रमुख पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । ट्राफिक अगाडि नै सेवाग्राहीमाथि आफ्नै कार्यकक्षमा हातपात गरेको आरोप लागेका यातायात व्यवस्था कार्यालय बाराका निमित्त कार्यालय प्रमुख चिन्तन आचार्यलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ ।

सामाजिक सञ्जालमा घटनाको भिडियो सार्वजनिक भई व्यापक चर्चा भएपछि जिल्ला प्रहरी कार्यालय बाराले उनलाई सोधपुछका लागि नियन्त्रणमा लिएको हो ।

धनुषा प्रहरीसँगको समन्वयमा बारा प्रहरीले आचार्यलाई कार्यालयमै बोलाएर नियन्त्रणमा लिएको जनाएको छ। जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र कुँवरका अनुसार सार्वजनिक भिडियोको सत्यतथ्य बुझ्न र घटनाबारे विस्तृत अनुसन्धान गर्न आचार्यलाई नियन्त्रणमा लिइएको हो ।




प्रहरीका अनुसार भिडियोमा कार्यालय प्रमुख र एक सेवाग्राहीबीच विवाद चर्किएपछि कार्यकक्षभित्रै हातपात भएको देखिन्छ। यद्यपि उक्त घटना गत मार्च १७, २०२६ (फागुनको तेस्रो साता) मा भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । भिडियो अहिले सार्वजनिक भए पनि घटनाको अनुसन्धान भने जारी रहेको प्रहरीले जनाएको छ ।

अनुसन्धानका क्रममा विवादमा संलग्न व्यक्ति अरुण कुशवाहा रहेको खुलेको छ। प्रहरीका अनुसार उनले आफू पत्रकार भएको परिचय दिँदै आफ्नी श्रीमती र सालीको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) सम्बन्धी कामका लागि कार्यालय पुगेका थिए । त्यही क्रममा कर्मचारीसँग भनाभन, गालीगलौज र धाकधम्की भएपछि विवाद बढेको र त्यसपछि कार्यालय प्रमुख आचार्यले हातपात गरेको प्रारम्भिक निष्कर्ष प्रहरीले निकालेको छ ।

प्रहरीका अनुसार घटनापछि दुवै पक्षबीच तत्काल मिलापत्र गराइएको देखिएको थियो। त्यसैले त्यसबेला थप कानुनी प्रक्रिया अघि बढाइएको थिएन। तर भिडियो सार्वजनिक भई घटनाले पुनः चर्चा पाएपछि प्रहरीले स्वतः अनुसन्धान अघि बढाएको हो। घटनाको समयमा ट्राफिक प्रहरीका सई भानुभक्त आचार्यसहित दुई जना प्रहरी कार्यालय परिसरमै उपस्थित रहेको तथ्य पनि अनुसन्धानबाट खुलेको छ ।

घटनापछि चौतर्फी आलोचना बढेपछि मधेस प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयले पनि प्रशासनिक कदम चालेको छ। मन्त्रीस्तरीय निर्णयमार्फत चिन्तन आचार्यलाई मन्त्रालयमा तानिएको भए पनि मन्त्रालयमा हाजिर हुनुअघि नै उनी प्रहरी नियन्त्रणमा परेका हुन् ।

मन्त्रालयका सूचना अधिकारी सुनिल साहका अनुसार आचार्यको स्थानमा बारा यातायात व्यवस्था कार्यालयका अधिकृत रामस्वार्थ महतोलाई निमित्त कार्यालय प्रमुखको जिम्मेवारी दिइएको छ ।

सरकारी कार्यालयभित्र सेवाग्राहीमाथि भएको भनिएको हातपातको भिडियो सार्वजनिक भएपछि घटनाले व्यापक आलोचना खेपेको छ। घटनाको वास्तविकता पत्ता लगाउन प्रहरी अनुसन्धान जारी रहेको छ भने मन्त्रालयले प्रशासनिक कारबाही प्रक्रिया अघि बढाएको जनाएको छ ।

# सबा करोड बढीको मालसामान बरामद

**टुडे समाचारदाता**

मलंगवा । अवैध ओसारपसार नियन्त्रणका क्रममा सशस्त्र प्रहरी मलंगवाले सीमा क्षेत्रबाट सबा करोड भन्दा बढि मूल्य बराबरको अवैध मालसामान बरामद गरेको छ ।

गएराति करिब ९:३० बजे मलंगवा नगरपालिका-२ स्थित भन्सार चेकपोष्टमा सशस्त्र प्रहरी निरीक्षक रवि भुजेलको कमाण्डमा खटिएको टोलीले नेपालबाट भारततर्फ अवैध रूपमा लैजान लागिएको प्रदेश २-०४-००१ च ००९३ नम्बरको पिकअप गाडीलाई चेकजाँच गर्दै सो मालसामान नियन्त्रणमा लिएका थिए ।

प्रहरीले चेकजाँचको क्रममा गाडीभित्र करिब १ लाख ७० हजार बराबरको एक सय युविक फिटको (२२ थान) काठ, ६० हजार बराबरको एक सेट बक्स पलङ तथा ५ लाख रुपैयाँ मूल्यको गाडी गरी कुल ७ लाख ३० हजार बराबरको सामान बरामद गरिएको मलंगवा स्थित सशस्त्र प्रहरी गुल्मले जनाएको छ ।



उक्त घटनामा गोरखा घर भएका ३५ वर्षीय डोरबहादुर उपरकोटी र भारतको बिहार राज्य सितामढी जिल्लाको बोखरा निवासी २८ वर्षीय मुकेश शर्मालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको गुल्मपति डिएसपी विष्णु अधिकारीले जनाएको छ ।

त्यसैगरी, सोही दिन दिउँसो करिब ३ बजे हरिपूर्वा नगरपालिका-३ धनकौल स्थित सत्यनारायण साह तेलीले सञ्चालन गरेको कपडा पसलमा विशेष सूचनाका आधारमा नेपाल सीमा सुरक्षा गुल्म मुख्यालय मलंगवाबाट डिएसपी अधिकारीको कमाण्डमा ४० जनाको टोली, सर्लाही भन्सार कार्यालय तथा जिल्ला प्रशासन कार्यालय सर्लाहीको संयुक्त टोलीले छापामारी गरी लाखौ रुपमा सामान बरामद गरेको छ ।

संयुक्त कारवाहीमा राजस्व छलीका ९७ लाख १९ हजार ६३० रुपैयाँ बराबरका विभिन्न प्रकारका अवैध लत्ताकपडा बरामद गरिएको थियो । बरामद गरिएका सामानहरुलाई आवश्यक कारबाहीका लागि मलंगवा भन्सार कार्यालयमा बुझाइएको डिएसपी अधिकारीले भने ।

सीमावर्ती क्षेत्रमा हुने अवाञ्छित गतिविधिलाई नियन्त्रण गर्न सशस्त्र प्रहरी खटिरहदा पनि छिटफुट रुपमा चोरी निकासी भईरहेको हुँदा पूर्ण रुपमा नियन्त्रणका लागि सबै पक्षको सहयोग आवश्यक रहेको उनले बताएका छन् ।

# कटुवा पेस्तोलसहित एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । रौतहटको गरुडा नगरपालिकाबाट प्रहरीले एकजनालाई गोली लोडेड कटुवा पेस्तोल सहित पक्राउ गरेको छ।

रौतहट प्रहरीले पक्राउ परेका व्यक्तिको बयानका आधारमा खेतको झ्याङबाट थप गोली, नेपाली तथा भारतीय रुपैयाँ र नाइट्राभेट ट्याबलेट समेत बरामद गरिएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार आइतबार राति करिब १० बजे विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख प्रहरी नायब उपरीक्षक (डीएसपी) शंकर प्रसाद आचार्यको नेतृत्वमा, सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस दुधियाभार तथा इलाका प्रहरी कार्यालय शिवनगरको संयुक्त टोलीले गरुडा नगरपालिका-५ झाँझपुलस्थित गौतम सहनीले सञ्चालन गरेको मदिरा पसलमा सुरक्षा जाँच गरेको थियो ।



जाँचका क्रममा मदिरा सेवन गरिरहेका गरुडा नगरपालिका-९ बिर्ता निवासी करिब ४२ वर्षीय सदरे आलमको शरीर खानतलासी गर्दा उनको कम्मरमा एक राउन्ड गोली लोड गरिएको कटुवा पेस्तोल फेला परेपछि उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पक्राउपछि गरिएको सोधपुछमा आलमले मदिरा पसल पछाडिको खेतको झ्याङमा थप गोली तथा नगद लुकाएर राखेको स्वीकार गरेका थिए । त्यसपछि उनलाई साथमा लिएर गरिएको खोजतलासीका क्रममा कटुवा पेस्तोलमा प्रयोग हुने ४ थान लाइभ राउन्ड, १ थान ब्ल्याङ्क राउन्ड, कालो रङको पर्सीभित्र राखिएको भारतीय २४ हजार ५ सय रुपैयाँ, नेपाली ३२ हजार ५ सय रुपैयाँ तथा २ पिस नाइट्राभेट ट्याबलेट बरामद गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका आलममाथि हतियार तथा खरखजाना सम्बन्धी कसुरमा आवश्यक अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# नगरपालिका संघ मधेशको संयोजक साह

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल नगरपालिका संघको मधेश प्रदेश समितिको संयोजकमा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साह मनोनित भएका छन् ।

संघको कार्यसमिति बैठकको निर्णयअनुसार मेयर साहलाई उक्त जिम्मेवारी प्रदान गरिएको जनाइएको छ । नेपाल नगरपालिका संघले असार १५ गते बसेको कार्यसमिति बैठकको निर्णयअनुसार प्रमुख साहलाई मधेश प्रदेश समितिको संयोजक तथा संघको केन्द्रीय कार्यसमितिको पदेन सदस्यका रूपमा मनोनयन गरेका हुन् ।



संघले जारी गरेको पत्रमार्फत उनलाई प्रदेश संयोजकमा मनोयन गरिएको बुझिएको छ । संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाद्वारा हस्ताक्षरित पत्रमा प्रमुख साहलाई नयाँ जिम्मेवारीका लागि हार्दिक बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरिएको छ । मनोनयनसँगै प्रमुख साहले मधेश प्रदेशका नगरपालिका तथा उपमहानगरपालिकाबीच समन्वय, स्थानीय सरकारका साझा मुद्दा उठान, नीति निर्माणमा सहकार्य तथा संघीय, प्रदेश र स्थानीय तहबीचको सहकार्यलाई थप प्रभावकारी बनाउने जिम्मेवारी निर्वाह गर्ने विश्वास गरिएको छ ।

नगरपालिकाको क्षमता अभिवृद्धि, सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा सुधार तथा नगरपालिकाहरूका साझा हितका विषयमा नेपाल नगरपालिका संघले विभिन्न तहका सरकारसँग समन्वय गर्दै आएको छ ।

प्रमुख साहको नेतृत्वमा मधेश प्रदेशका स्थानीय तहका समस्या, आवश्यकता र विकासका प्राथमिकताहरूलाई राष्ट्रिय स्तरमा प्रभावकारी रूपमा उठान गर्न सहयोग पुग्ने विश्वास संघले व्यक्त गरेका छन् ।

## जबरदस्तीकरणी आरोपमा पांच जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । जबरजस्ती करणी घटनामा संलग्न रहेको आरोपमा रौतहट जिल्लाको गौर नगरपालिका २ स्थित एक होटलबाट चारजना भारतीय नागरिकसहित पांच जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बितेको असार २१ गते भएको उक्त घटनाबारे पीडितको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । उनीहरूमध्ये चार जना भारतीय नागरिक हुन् भने एक जना नेपाली रहेका छन् ।

पक्राउ पर्नेहरूमा रौतहटको गौर नगरपालिका २ बस्ने २५ वर्षीय सन्तोष राउत, भारतको मजफरपुर जिल्ला कल्याणी पंचायत २४ बस्ने ३३ वर्षीय मो. ताजुदिन, मजफरपुर जिल्ला मैरोवन पंचायत २ बस्ने ३७ वर्षीय जितेन्द्र कुमार, मजफरपुर जिल्ला बकटपुर पंचायत १ बस्ने ३८ वर्षीय हसनैन आलम तथा मजफरपुर जिल्ला क्रममा पंचायत ४ बस्ने ३४ वर्षीय आलोक कुमार रहेका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८